# आठौं बैठक

आज मिति २०८२।१०।२६ गते सोमबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भूमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ३ | |
| ६. | श्री वावुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | तिर्था |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | गिता |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| २१. | श्री रबिन्द्र प्रसाद चौधरी | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |

अन्य सहयोगी कर्मचारीहरु

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | श्री हरिश्चन्द्र भुसाल | प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २३. | श्री शेषकान्त घिमिरे | स.कम्प्यूटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | श्री जितेन्द्र श्रेष्ठ | प्राविधिक अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | श्री सुनिल पोखेल | स. लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. संघीय समपूरक अनुदान सम्बन्धमा ।
३. संघीय विशेष अनुदान सम्बन्धमा ।
४. सडकबोर्ड अन्तर्गतका आयोजना सम्बन्धमा ।
५. नगर स्तरीय तत्काल उद्धार तथा राहत समिति सम्बन्धमा ।
६. नगरपालिकाको आधिकारिक सोसल साईट सम्बंन्धमा ।
७. विविध ।

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५ को दफा २ को उपदफा (१) अनुसार निर्माण व्यवसायको ईजाजतपत्र प्रदान गर्ने निर्णय भएबमोजिमको कार्य अगाडी बढाईएको ।
- भूमिकास्थान नगरपालिकाको विधायन समितिबाट सिफारिस भै आएको **भूमिकास्थान नगरपालिका अन्तर्गतका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आवद्ध गराउने कार्यविधी, २०८२** स्वीकृत गर्ने निर्णय

निर्णय नं.२ : प्रस्ताव नं. २ को संघीय समपूरक अनुदान सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाबाट तपसिल बमोजिका क्रमागत तथा नयाँ आयोजनाहरु छनौट गरी देहायका आर्थिक वर्षहरुमा निम्नानुसारको बजेट म्याचिंग गर्ने र राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणालीमा प्रविष्टि गर्ने निर्णय गरियो ।

तपसिल :

समपूरक अनुदान तर्फको क्रमागत आयोजना (आ.व. २०८२/०८३ र २०८३/०८४ को लागि प्रस्तवित क्रमागत)

| प्राथमिकता नं. | आयोजना/कार्यक्रमको नाम | आ.व. २०८२/०८३ मा नगरपालिकाले लागत साझेदारी गर्ने अंश (३०प्रतिशत) रकम रू. | आ.व. २०८२/०८३ मा संघीय सरकार राष्टिय योजना आयोगको लागत साझेदारी गर्ने अंश (७०प्रतिशत) रकम रू. | आ.व. २०८३/०८४ मा नगरपालिकाले लागत साझेदारी गर्ने अंश (३०प्रतिशत) रकम रू. | आ.व. २०८३/०८४ मा संघीय सरकार राष्टिय योजना आयोगको लागत साझेदारी गर्ने अंश (७०प्रतिशत) रकम रू. | दुवै निकायको आ.व. ०८२/८३ र ०८३/८४ को कूल रकम रू. |
|---|---|---|---|---|---|---|
| १ | असुरकोट जोगीटारी सडक कालोपत्रे | ४८00000 | ११२00000 | ९९00000 | २३१00000 | ४९000000 |

निर्णय प्रमाणित गरिएको

**समपूरक अनुदान तर्फको नयाँ आयोजना (आ.व. २०८३/०८४ र २०८४/०८५ को लागि प्रस्तवित)**

| प्राथमिकता नं. | आयोजना/कार्यक्रमको नाम | आ.व. २०८३/०८४ मा नगरपालिकाले लागत साझेदारी गर्ने अंश (३०प्रतिशत) रकम रू. | आ.व. २०८३/०८४ मा संघीय सरकार राष्ट्रिय योजना आयोगको लागत साझेदारी गर्ने अंश (७०प्रतिशत) रकम रू. | आ.व. २०८४/०८५ मा नगरपालिकाले लागत साझेदारी गर्ने अंश (३०प्रतिशत) रकम रू. | आ.व. २०८४/०८५ मा संघीय सरकार राष्ट्रिय योजना आयोगको लागत साझेदारी गर्ने अंश (७०प्रतिशत) रकम रू. | दुवै निकायको आ.व. ०८३/८४ र ०८४/८५ को कूल रकम रू. |
|---|---|---|---|---|---|---|
| १ | भूजेलपानी गैरागोठ भेस्के संडक स्तरोन्नति | ४८००००० | ११२००००० | ९९००००० | २३१००००० | ४९०००००० |
| २ | सुपादेउराली सेंगलेंग पाथिभरा सेतिपोखरी उदयठाँटी कलटारी भूमेमन्दिर सडक स्तरोन्नति | ४८००००० | ११२००००० | ९९००००० | २३१००००० | ४९०००००० |

**निर्णय नं.३ :** प्रस्ताव नं. ३ को संघीय विशेष अनुदान सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाबाट तपसिल बमोजिका आयोजनाहरु छनौट गरी देहायका आर्थिक वर्षहरुमा निम्नानुसारको बजेट विनियोजन गरी राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणालीमा प्रविष्टि गर्ने निर्णय गरियो ।

**विशेष अनुदान तर्फ क्रमागत (आ.ब.२०८२/०८३ र ०८३/०८४)**

| क्र. सं. | आयोजना/कार्यक्रमको नाम र ठेगाना | आ.व. २०८२/०८३ को लागि प्राप्त रकम रु. | आ.व. २०८३/०८४ को लागि माग रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|
| १ | विभिन्न खानेपानी योजना सुधार विस्तार (बलेजुरा अर्जून खानेपानी, काउले अर्जून खानेपानी, लुक्का साम्नेगाउ खानेपानीं, गिद्धेगैडा राजमे खानेपानी, राजिमे लिफ्ट खानेपानी, असारे टाकुरा लिफ्ट खानेपानी सल्लेधार खानेपानी, धारापानी खानेपानी, खाकावेशी थाम्का खानेपानी, लम्ची गाडाकोट खानेपानी ,अमिलिखोला खानेपानी, कमलपोखरी पाण्डाडा, घोरखोरी सलेन्धारा खानेपानी योजना ७, सेंङलेङ लिफ्ट खानेपानी, घाटाखोला स्कीम ए खानेपानी भूनपा ४, घाटाखोला लम्ची खानेपानी, छिर्लिङखोला डेभा खानेपानी, छिर्लिङखोला सुरसिंङ खानेपानी योजना ) | ६८००००० | ११२००००० | १८०००००० |

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा सडकवोर्ड नेपाल, मिनभवन, काठमाण्डौको च.नं.६७८ मिति २०८२/०९/२८ गतेको पत्रबाट भूमिकास्थान नगरपालिकाको लागि सडकबोर्ड नेपालबाट रु. २६,००,०००। बजेट स्वीकृत भएकोले तहां नगरपालिकाबाट आयोजना छनौट गरी सहमतिको लागि पठाउन अनुरोध भै आएकोमा सडक वोर्ड नेपाल अन्तर्गतको बजेट र नगरपालिकाको म्याचिंग समेतको बजेटबाट कार्यान्वयन हुने गरी भूमिकास्थान नगरपालिंकाका तपसिल बमोजिमका आयोजनाहरुमा देहाय बमोजिम बजेट विनियोजन गरी सहमतिको लागि सडक वोर्ड नेपाल, मिनभवन काठमाण्डौमा पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | विनियोजित बजेट रू. | सडकवोर्ड नेपालले व्यहोर्ने रकम रू. | भूमिकास्थान नगरपालिकाको म्याचिंग रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | घाटाखोला– धारापानी– ढाकावांग सडक मर्मत | १५००००० | ९००००० | ६००००० | |
| २ | नुवाकोट– खिल्जी – असुरकोट सडक मर्मत | १५००००० | ९००००० | ६००००० | |

निर्णय प्रमाणित गरिएको

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नरपानी– ढिकुरा– नुवाकोट सडक मर्मत | १२००००० | ८००००० | ४००००० | |
| | जम्मा | ४२००००० | २६००००० | १६००००० | |

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०७७ को दफा ८ को (२) (घ) मा कार्यपालिकाको सदस्य मध्येबाट एक जना महिला सहित नगरपालिकाले मनोनित गरेको २ जना सदस्य नगरस्तरीय तल्काल उद्धार तथा राहत समितिको सदस्य रहने व्यवस्था भए बमोजिम तपसिल बमोजिका कार्यपालिकाका सदस्यहरुलाई उक्त समिति सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

१. गिता जि.एम., कार्यपालिका सदस्य

२. विष्णु वि.क., कार्यपालिका सदस्य

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को संघीय शसर्त कार्यक्रम अन्तर्गतको बजेटबाट कृषि, पशुपंक्षी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्य गर्नको लागि दैवि छनौट (Random Sampling) विधीबाट छनौटमा परेका वडा नं. १, २, ४, ६, ७, ९ र १० मा रहेका कृषकहरुको पारिवारिक लागत संकलन कार्यका लागि भूमिकास्थान नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको प्रयोग गरी कृषि, पशुपक्षि तथा मत्स्य तथ्यांक अध्याधिक कार्यान्वयन कार्यविधी, २०८२ बमोजिम कार्यसंचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा सडक पूर्वाधार विकास कार्यालय, अर्घाखांचीको च.नं.४२३ मिति २०८२।१०।१३ गतेको निर्माण सामग्री प्रशोधन प्रयोजनार्थ अस्थाई क्रसरको सिफारिस सम्बन्धमा भन्ने विषयको पत्रबाट सन्धिखर्क गच्छे ढिकुरा धनचौर जुकेना जलुके लामाताल बंडिदमार चैते रामपूर सडकको ढिकुरा धनचौर खण्डको कालोपत्रे गर्ने कार्य, ठेक्का नं. RIDO-ARG-W-NCB-01-2082/083 (चेनेज ५+६४० देखि १५ +०० सम्म) बाट मिति २०८४ असार मसान्त सम्म सम्पन्न हुने गरी उक्त कार्यालय र खनाल ब्रदर्श/सागर जे.भि. सन्धिखर्क, ०१, अर्घाखाँची विच सम्झौता भै निर्माण कार्य भै रहेकोले क्रसर स्थापनाको लागि आवश्यक व्यवस्थाको लागि भनि सिफारिस प्राप्त भएकोले उक्त सडक चौडा गर्दा निस्कने निर्माण सामग्री प्रशोधन गरी सोही सडक निर्माण कार्यको लागि मात्र प्रयोग गर्ने गरी खनाल ब्रदर्श/सागर जे.भि. सन्धिखर्क, ०१, अर्घाखाँचीलाई उक्त स्थानमा अस्थाई क्रसर संचालनको लागि अनुमति प्रदान गर्ने साथै सम्बन्धित निर्माण व्यवसायीले अनुमति प्राप्त गरेको ९ महिना भित्र प्रारम्भिक वातारणीय परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको वडा नं. ५,६,७ र ८ वडालाई समेट्ने गरी निर्मित गर्भे नुवाकोट छिर्लिंग खिल्जी असुरकोट खानेपानी आयोजना वृहत मर्मत सम्भार कार्यको लागि बजेट रु. १ करोड बजेट व्यवस्थाका लागि संघीय खानेपानी मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय प्रमाणित गरिएको